# कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८१

स्वीकृत मिति २०८१।७।२०

**प्रस्तावना:** कृषि तथा वन विज्ञान विश्वविद्यालयमा रिक्त रहेको उपकुलपति नियुक्तिका लागि सिफारिस गर्न कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन,२०६७ को दफा २४ को उपदफा (२) बमोजिम कृषि तथा वन विज्ञान विश्वविद्यालयका कुलपतिबाट सिफारिस समिति गठन भएको, कृषि तथा वन विज्ञानका क्षेत्रमा विशेष अनुभव हासिल गरेका योग्यतम् व्यक्ति खुला प्रतिष्पर्धाको माध्यमबाट छनोट गरी उपकुलपतिमा नियुक्तिको लागि सिफारिस गर्नु पर्ने भएकोले उम्मेदवार छनोटका विधि, आधार, प्रक्रिया तय गरी उपकुलपति सिफारिससम्बन्धी कार्य व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस गर्न गठित सिफारिस समितिले आफ्नो कार्य व्यवस्थित गर्न देहायको कार्यविधि बनाई लागू गरेको छ।

१.<u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस कार्यविधिको नाम "कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको मिति देखि प्रारम्भ भई उपकुलपति नियुक्त नहुँदासम्म कायम रहनेछ।

२.<u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उम्मेदवार" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपतिको पदमा नियुक्तिको लागि दरखास्त स्वीकृत भएको उम्मेदवार सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन,२०६७ सम्झनु पर्छ।

(ग) "नजिकका नातेदार" भन्नाले एकाघरको परिवार सम्झनु पर्छ।

(घ) "पदाधिकारी" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन,२०६७ को दफा ६ बमोजिमको पदाधिकारी सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित विश्वविद्यालय वा सो सरहका शैक्षिक उपाधि प्रदान गर्ने प्रतिष्ठानका पदाधिकारीसमेतलाई जनाउँछ।

(ङ) "विश्वविद्यालय" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय सम्झनु पर्छ।

(च) "समिति" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन,२०६७ को दफा २४ को उपदफा (२) बमोजिमको उपकुलपति सिफारिस समिति सम्झनु पर्छ।

(छ) "संयोजक" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस समितिको संयोजक सम्झनु पर्छ।

३. <u>बैठक सम्बन्धी कार्यविधि:</u>(१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकको गणपुरक संख्याको लागि समितिको संयोजक र कम्तीमा एकजना सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय समितिको निर्णय हुनेछ।

(५) समितिको निर्णय संयोजक र एक जना सदस्यको हस्ताक्षरपछि प्रमाणित भएको मानिनेछ।



२०८१/७/२०

(६) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ।

४. **आवश्यक न्यूनतम योग्यताः** (१) यस कार्यविधि बमोजिम विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तिमा विद्यावारिधी उपाधि प्राप्त गरेको,

(ख) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालयको प्राध्यापक पदमा स्थायी नियुक्त भई सो पदको अनुभव हासिल गरेको,

(ग) कृषि तथा वन विज्ञानको क्षेत्रको विशेष अनुभव हासिल गरेको,

(घ) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नरहेको,

(ङ) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको,

(च) नेपाली नागरिक भएको,

(छ) दरखास्त दिने अन्तिम दिनसम्म त्रिसट्ठी वर्ष उमेर ननाघेको,

(ज) दरखास्त दिनु तत्काल अघि कुनै राजनीतिक दलको सदस्य नरहेको।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको कृषि तथा वन विज्ञानको क्षेत्रमा विशेष अनुभव हासिल भएको हुन कृषि तथा वन विज्ञानको क्षेत्रमा कम्तिमा प्राध्यापक वा विश्वविद्यालयको पदाधिकारीको कार्य जिम्मेवारीको अनुभव हासिल गरेको हुनु पर्नेछ।

५. **सूचना प्रकाशन गर्ने:** (१) विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी राष्ट्रिय दैनिक पत्रिका, नेपाल सरकार,शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग र सम्बन्धित विश्वविद्यालयको वेवसाइटमा १० दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयावधिभित्र तीन जनाभन्दा कम व्यक्तिको दरखास्त पेश हुन आएमा समितिले पेश हुन आएका दरखास्त कायमै राखी दरखास्त पेश गर्न ५ दिनको समयावधि थप गर्न सक्नेछ।

(३) समितिले उपदफा (१) बमोजिमको अवधिमा पेश हुन आएका दरखास्त तथा उपदफा (२) बमोजिम म्याद थप भएको अवस्थामा त्यस्तो अवधिमा प्राप्त हुन आएका दरखास्तको मूल्याङ्कन प्रक्रियामा समावेश गर्नु पर्नेछ।

६. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातः** (१) न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त साथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः-

(क) विद्यावारिधी र स्नातकोत्तर तहको शैक्षिक उपाधिको प्रमाण पत्रको प्रतिलिपि,

(ख) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयको प्राध्यापक पदमा स्थायी नियुक्त भएको नियुक्तिपत्रको प्रतिलिपि,

(ग) कृषि तथा वन विज्ञानको क्षेत्रको विशेष अनुभव हासिल गरेको प्रमाणपत्रको प्रति,

(घ) कृषि तथा वन विज्ञानको क्षेत्रमा कुनै किताब लेखी प्रकाशन गरेको भए सोको प्रति,

(ङ) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारी वा कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा सो सरहका उच्च शैक्षिक संस्था वा निकायको पदाधिकारीको पदमा अनुभव हासिल गरेको भए सो खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(च) कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको व्यहोरा खुलेको स्वघोषणा पत्र,

(छ) अनुसूची-२ मा उल्लेख भए बमोजिमका समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) तथा Ranked Journal मा कृषि तथा वन विज्ञानसँग सम्बन्धित क्षेत्रमा अनुसन्धानमूलक लेख प्रकाशन गरेको भए सोको प्रतिलिपि,

(ज) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको भए सोको विवरण तथा प्रमाणको प्रतिलिपि,

(झ) बढिमा तिन हजार शब्दसम्मको मुद्रित (Hard copy) कृषि तथा वन विज्ञान विश्वविद्यालयको सोच पत्र (Vision paper) र कृषि तथा वन विज्ञान विश्वविद्यालयको लागि आफ्नो चार वर्षे व्यावसायिक कार्ययोजना (Four Years Professional Work Plan of University)। यसरी सोच पत्र र कार्ययोजना पेश गर्दा खण्ड (क) मा सोचपत्र र खण्ड (ख) मा कार्य योजना हुने गरी दुई खण्डमा विभाजन गरी तयार गर्नु पर्नेछ।

(ञ) नेपाली नागरिकताको प्रतिलिपि,

(ट) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नभएको र हाल कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा पत्र।

(२) उपदफा (१) को खण्ड (झ) बमोजिमको कृषि तथा वन विज्ञान विश्वविद्यालयको सोच पत्र (Vision paper) र चार वर्षे व्यावसायिक कार्ययोजना (Four Years Professional Work Plan of University) अंग्रेजीमा भए Times New Roman 12 Font Size र नेपालीमा भए प्रिति वा युनिकोडमा क्रमश: १४ वा १२ फन्ट साइजमा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाई सो बाहेक शुरु देखी अन्त्यसम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको संकेत वा चिन्ह नरहने गरी छुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ।

७. <u>दरखास्त स्वीकृति वा रद्द गर्न सक्ने</u>: (१) दरखास्तका लागि यस कार्यविधिको दफा ४ र ६ बमोजिमको प्रक्रिया पूरा भई प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ।

(२) न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेश गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

८. <u>छनोट विधि</u>:(१) समितिले उम्मेदवारबाट दरखास्तसाथ पेश हुन आएका योग्यता, अनुभव, आफैले लेखी सोमा अन्तर्राष्ट्रिय स्टयाण्डर्ड बुक नम्बर (आईएसबीएन) प्राप्त गरी प्रकाशित पुस्तक, अनुसन्धानात्मक परियोजना तथा लेख कृति, विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा विश्वविद्यालयको चार वर्षे व्यावसायिक कार्य योजनासहितको मूल्याङ्कन, उम्मेदवारले गरेको प्रस्तुतीकरण तथा अन्तर्वार्ताको आधारमा सर्वाधिक अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवार छनोट गर्नेछ। यसरी छनोट गर्दा कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐनको दफा २४ (३) बमोजिम कृषि र वन क्षेत्रबाट एक एक जना पर्ने गरी सर्वाधिक अङ्कको हिसाब गरी उम्मेदवार छनोट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको छनोट विधिमा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाई गरिनेछ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछ:-

(क) शैक्षिक योग्यता,

(ख) कृषि तथा वन विज्ञान क्षेत्रको विशेष अनुभव,

(ग) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव,

(घ) कृषि तथा वन विज्ञानको क्षेत्रमा किताव प्रकाशन गरेको भए सो वापतको अङ्क,

(ङ) प्राज्ञिक अनुसन्धानमूलक परीयोजना,

(च) समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) तथा Ranked Journal मा प्रकाशित अनुसन्धानमूलक लेख,

(छ) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) र विश्वविद्यालयको चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) को मूल्याङ्कन,

(ज) खण्ड (छ) बमोजिमको सोचपत्र र कार्ययोजनाको प्रस्तुतीकरण,

(झ) अन्तर्वार्ता।

(३) उपदफा (२) बमोजिमका विषयगत आधारको अङ्क र सोको विस्तृत विवरण तथा छनोटका आधार अनुसूची-२ मा व्यवस्था भए बमोजिम हुनेछ।

९. <u>छनोटको चरण</u>: (१) छनोटको लागि दरखास्त पेश गरी स्वीकृत भएमा त्यस्तो दरखास्त स्वीकृत भएका सबैलाई मूल्याङ्कनका सबै चरणमा सहभागि गराइनेछ।

(२) यस कार्यविधि बमोजिम स्वीकृत दराखास्तको मूल्याङ्कनमा पहिलो चरणमा दफा ८ उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिम मूल्याँङ्कन गरिनेछ।

(३) छनोटको दोस्रो चरणमा पेश भएका विश्वविद्यालय सम्बन्धी सोचपत्र (Vision Paper) र चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) को मूल्याङ्कन गरिनेछ र दफा १० बमोजिम सोचपत्र तथा कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ता हुनेछ।

(४) विश्वविद्यालयको सोचपत्र र व्यावसायिक कार्ययोजना कृषि क्षेत्रको एक जना र वन विज्ञानको एक जना गरी दुई जना विज्ञबाट मूल्याङ्कन गर्नु पर्नेछ र मूल्याङ्कनकर्ताले प्रदान गरेको अंकलाई औषत निकालेर आवेदकले प्राप्त गरेको प्राप्ताङ्क निर्धारण गरिनेछ।

(५) विश्वविद्यालयको सोचपत्र र व्यावसायिक कार्ययोजना मूल्याङ्कनको लागि आवेदकको नाम नखुल्ने गरी समितिको सचिवालयबाट सोचपत्र र कार्ययोजनालाई कोडिङ गरिनेछ।

(६) उपदफा (५) बमोजिम कोडिङ गरिएका विश्वविद्यालयको सोचपत्र र व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन भए पश्चात शिलबन्दी गरी गोप्य रुपमा राखिनेछ र प्रस्तुतिकरण तथा अन्तर्वार्ता सम्पन्न भए पश्चात दफा १३ बमोजिम नाम सिफारिस गर्ने समयमा मात्र खोलिनेछ।

(७) विश्वविद्यालयको सोचपत्रको र व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको ढाँचा अनुसूची-३ मा व्यवस्था भए बमोजिम हुनेछ।

(८) यस दफा बमोजिम मूल्याङ्कन गरिएको कागजातहरु शिलबन्दी गरी गोप्य रुपमा राखिनेछ।

१०.<u>प्रस्तुतीकरण तथा अन्तर्वार्ता</u>: (१) दफा ९ को उपदफा (१) बमोजिम दरखास्त स्वीकृत भई नाम कायम भएका उम्मेदवारलाई तीन दिनको समय दिई मन्त्रालयको वेवसाईट मार्फत सार्वजनिक सूचना प्रकाशन गरी दफा ८ को खण्ड (ज) र (झ) बमोजिम प्रस्तुतिकरण र अन्तर्वार्ताका लागि भौतिक रुपमा उपस्थित हुन आमन्त्रण गरिनेछ।

(२) किरिया बस्नु परेको वा बिरामी भई असपताल भर्ना भएको कारण निर्धारित मिति र समयमा प्रस्तुतीकरण र अन्तर्वार्तामा उपस्थित हुन नसक्ने भएमा प्रस्तुतीकरण तथा अन्तर्वार्ता हुनुभन्दा अगावै सम्बन्धित उम्मेदवारले समितिसमक्ष निवेदन गर्न सक्नेछ।

(३) उपदफा (२) को अवस्थामा समितिले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि समय निर्धारण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको अवस्थामा बाहेक उम्मेदवारलाई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि विशेष समय उपलब्ध गराउने छैन।

(५) प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि निर्धारित पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दा बढी र चालीस प्रतिशत भन्दा कम अंक प्रदान गर्दा सोको कारण मूल्याङ्कनकर्ताले खुलाउनु पर्नेछ र त्यसरी भएको मूल्याङ्कनमा बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो बढी वा घटी अङ्क दिएको अवस्थामा मात्र त्यस्तो अङ्क गणना हुनेछ। सो नभएको अवस्थामा बढी दिएको भए सत्तरी र घटी दिएकोमा चालीस प्रतिशत अङ्क कायम हुनेछ।

(६) अन्तर्वार्ताकारले प्रदान गरेको अङ्कको औषत अङ्क कायम गरी प्राप्ताङ्क कायम हुनेछ।

(७) प्रस्तुतीकरणको मूल्याङ्कन सम्बन्धी अङ्क प्रदान गर्ने ढाँचा अनुसूची-४ मा व्यवस्था भए बमोजिम र अन्तर्वार्ताकारले प्रदान गर्ने अङ्कको ढाँचा अनुसूची-५ मा व्यवस्था भए बमोजिम हुनेछ।

११.<u>उपसमिति गठन तथा सेवा लिन सक्ने:</u> (१) समितिले उम्मेदवार छनोट तथा सिफारिस कार्यका लागि उपसमिति गठन गर्न आवश्यक ठानेमा उपसमिति गठन गर्न वा यस सम्बन्धी कार्यका लागि कुनै विज्ञ आमन्त्रण गरी सेवा लिन सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिमको उपसमिति वा विज्ञलाई विश्वविद्यालयको सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको जिम्मा दिन सक्नेछ।

(३) समितिले आवश्यक ठानेमा कार्ययोजना तथा सोचपत्रको प्रस्तुतीकरण तथा अन्तर्वार्तामा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम उपसमिति गठन भएमा वा कुनै विज्ञ छनोट गर्नु पर्ने भएमा त्यस्तो उपसमितिमा रहने वा विज्ञको रुपमा आमन्त्रण हुने व्यक्ति विद्यावारिधिको शैक्षिक उपाधि प्राप्त प्राध्यापकमध्येबाट छनोट गर्नु पर्नेछ।

(५) समितिले आफ्नो कार्यसम्पादनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका कर्मचारीबाट सेवा लिन सक्नेछ।

१२.<u>मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुने:</u> (१) समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदारले उपकुलपतिको पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा समितिबाट व्यवस्था भए बमोजिम हुनेछ।

१३.<u>नाम सिफारिस:</u> (१) समितिले उपकुलपति सिफारिस गर्दा अपनाइएको कार्यप्रक्रिया समावेश भएको प्रतिवेदन सहित उपकुलपति पदमा नियुक्तिको लागि उम्मेदवारको नाम कुलपति समक्ष सिफारिस गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम नाम सिफारिस गर्दा कृषि तथा वन विज्ञानको क्षेत्रमा विशेष अनुभव भएका व्यक्ति मध्येबाट कम्तिमा एक एक जना पर्ने गरी प्राप्ताङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने तीन जनाको नाम नेपाली वर्णमालाको वर्णानुक्रम अनुसार हुने गरी कुलपति समक्ष सिफारिस गर्नेछ।

१४. **खर्चसम्बन्धी व्यवस्थाः** समिति तथा उपसमिति वा विज्ञ वा कर्मचारीको बैठकसम्बन्धी, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने अन्य प्रशासनिक खर्च विश्वविद्यालयबाट नियमानुसार भुक्तानी हुनेछ।

१५. **कागजपत्रको संरक्षणः** समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू मन्त्रालयमा सुरक्षित राखिनेछ।

१६. **सचिवालयः** समितिको सचिवालय मन्त्रालयको उच्च शिक्षा महाशाखामा रहनेछ।

अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**दरखास्तको ढाँचा**

श्रीमान् संयोजकज्यू,
कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस समिति,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिँहदरबार, काठमाडौ।

विषयः <u>दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।</u>

कृषि तथा वन विज्ञान विश्वविद्यालयको रिक्त उप-कुलपति पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। उपकुलपतिको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव मसँग रहेको छ भने यो दरखास्त पेश गर्दा म कुनै राजनीतिक दलको सदस्य नरहेको र कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग मेरो कुनै संस्थागत स्वार्थ नबाझिएको स्वघोषणा गर्दै म उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. सार्वजनिक निकायको नामः कृषि तथा वन विज्ञान विश्वविद्यालय

२ . नियुक्ति हुन चाहेको पदः उप-कुलपति

३. दरखास्त पेश गर्ने व्यक्तिकोः

(क) व्यक्तिगत विवरणः

नाम थर (देवनागरी):-......................................................................................................

ENGLISH BLOCK LETTER ..........................................................................................

हाल कार्यरत संस्थाः..............................पद .............................

नेपाली नागरिकताको प्रमाण पत्र नं.:..........................जारी मितिः.............................जिल्लाः.................

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म मितिः .....................साल....................... महिना................ गते

सम्पर्क नम्बरः ...................इमेलः...................

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १ | स्नातकोत्तर | | | | |
| २. | विद्यावारिधि | | | | |

(ग) अनुभवः (पदाधिकारी भए सो समेत)

| क. सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |

(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्बन्धी विवरण

| क. सं. | परियोजनाको शीर्षक | परियोजना पेश गरेको निकाय | अनुसन्धान टोलीको नामावली* | परियोजना सम्पन्न गरेको मिति** | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

* आवेदकको भूमिका प्रमुख अनुसन्धानकर्ता वा सह-अनुसन्धानकर्ता के हो खुलाउनु पर्नेछ।

** परियोजना पेश गरेको निकायबाट उक्त परियोजना सम्पन्न भएको प्रमाणपत्रको प्रतिलिपि समावेश गर्नु पर्नेछ।

(ङ) प्राज्ञिक अनुसन्धानमूलक लेख प्रकाशन सम्बन्धी विवरण

Ranked Journals/Proceeding (SCImago Journal Ranking)***

| क. सं. | लेखको शीर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक | प्रकाशन मिति | Scimago Rank Q1-Q2 |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*** For SCImago Rank, Visit:http://www.scimagojr.com

Non-Ranked Peer-Reviewed Journals or Scimago Q3-Q4

| क. सं. | लेखको शीर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक र देश | प्रकाशन मिति | Scimago Rank Q3-Q4 or Nepjol |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*** For Scimago Rank, Visit:http://www.scimagojr.com

Non-Ranked Peer-Reviewed Journals or Nepjol

(च) संलग्न कागजात तथा विवरणः

(१) अनुसूचीको ढाँचामा निवेदन,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) वैयक्तिक विवरण तीन प्रति.

(४) स्नातकोत्तर तहको प्रमाणपपत्रको विवरण तथा विद्यावारिधि उपाधिको प्रमाणपत्रहरूको प्रतिलिपि,

(५) प्राध्यापकको शुरु नियुक्तिपत्रको प्रतिलिपि,

(६) कृषि तथा वन विज्ञान क्षेत्रको विशेष अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(७) कृषि तथा वन विज्ञान किताब लेखेको भए सोका प्रतिहरु,

(८) खण्ड (घ) मा उल्लेखित परियोजना सम्पन्न गरेको प्रमाणपत्र,

(९) खण्ड (ङ) मा उल्लेखित लेखहरु,

(१०) विश्वविद्यालय सम्बन्धी सोचपत्र (Vision Paper) र चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan)- थान तीन,

(११) कुनै राजनितिक दलको सदस्य नरहेको, प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नरहेको र कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग कुनै किसिमको स्वार्थ नबाझिएको स्वघोषणा,

(१२) कार्यविधिको दफा ४, ६ र ८ मा उल्लिखित विषयमा अन्य केही भए सोको विवरण।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

दस्तखतः

नाम थरः

मितिः

सम्पर्क नम्बरः

द्रष्टव्यः माथिका विभिन्न महलहरूमा पुष्ट्याइ लेख्न ठाउँ अभाव भएमा छुट्टै पानाको प्रयोग गर्न सकिनेछ।

अनुसूची-२

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

योग्यता, अनुभव, सोचपव, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन

| योग्यता, अनुभव, सोचपव, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (क) शैक्षिक योग्यता वापत | ५ | कृषि तथा वन विज्ञान विषय क्षेत्रमा विद्यावारिधि गरेको भए सो वापत पाँच अङ्क र अन्य विषयको विद्यावारिधि भए तिन अङ्क। |
| (ख) कृषि तथा वन विज्ञानको विधा तर्फ प्राध्यापक पदमा कार्य अनुभव। | १० | कृषि तथा वन विज्ञानको विधा तर्फ प्राध्यापक पदमा कार्यानुभव भएको प्रत्येक वर्षको लागि दुई अङ्कका दरले अधिकतम दश अंक<br>द्रष्टव्य: यसमा वर्षको पूरा अङ्क र महिना भए बाह्र अङ्कले दुई अङ्कलाई भाग गरी आउने अङ्क उपलब्ध हुनेछ। दिनको अङ्क उपलब्ध हुने छैन। |
| (ग) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव हासिल गरेको। | ४ | प्रति वर्ष एक अङ्कका दरले बढीमा चार वर्षको लागि अधिकतम चार अङ्क।<br>द्रष्टव्य<br>(१) यसरी अङ्क विभाजन गर्दा वर्ष दिनभन्दा कम अवधिको चान चुन महिना तथा दिनको अङ्क गणना हुने छैन।<br>(२)आफू पदाधिकारी भएको व्यहोरा दरखास्तमा खुलाउनु पर्नेछ। त्यस्तो पद पदाधिकारीको पद भन्ने कानून सहित पेश नगरेको अवस्थामा यस खण्ड बमोजिमको अङ्क प्रदान हुने छैन। |
| (घ) पुस्तक लेखी आइएसबिएन प्राप्ति सहित सोको प्रकाशन गरेकोमा दुई ओटासम्मको लागि | ४ | कृषि तथा वन विज्ञानको विधाको क्षेत्रमा किताव लेखे वापत प्रति किताव वापत दुई अङ्कका दरले दुई ओटासम्मको लागि चार अङ्क।<br>द्रटब्य: |

| | | |
|---|---|---|
| | | यसरी पुस्तक एकल रुपमा लेखेको प्रतिपुस्तक दुई अङ्कका दरले चार अङ्क र संयुक्त रुपमा लेखेको भए दुई अङ्कमा जतिजना भई लेखेको हो सोको दामासाही अङ्क। |
| (ङ) कृषि तथा वन विज्ञानको क्षेत्रमा प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सम्पन्न गरे वापत। | ६ | (१) कृषि तथा वन विज्ञानको क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजना मूख्य अनुसन्धानकर्ता भई अनुसन्धान सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत तीन अङ्कका दरले दुई ओटा अनुसन्धानको लागि ६ अङ्क,<br>(२) कृषि तथा वन विज्ञानको क्षेत्रमा राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजना मुख्य अनुसन्धानकर्ता भई अनुसन्धान सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत दुई अङ्कका दरले तीन ओटा अनुसन्धानको लागि ६ अङ्क।<br>(३) माथी खण्ड (१) र (२) बमोजिमको कृषि तथा वन विज्ञानको क्षेत्रको अनुसन्धानमा कसैले अन्तराष्ट्रिय अनुसन्धान वापत एउटा र राष्ट्रिय अनुसन्धानमा अन्य अनुसन्धान गरेको अवस्थामा अनुसन्धानमूलक परियोजना वापतको अङ्क प्राप्त गर्न बाधा पुग्ने छैन।<br>(४) माथी खण्ड (१), (२) र (३) बमोजिमको अनुसन्धानमा संयुक्त रुपमा अनुसन्धान गरी मुख्य बाहेक अनुसन्धान सदस्य भई कुनै अनुसन्धान सम्पन्न गरेकोमा त्यस्तो टोली सदस्यको संख्याले र अनुसन्धान परियोजना वापको अङ्कलाई भाग गरी अनुसन्धानकर्ताको संख्याले भाग गरी हुन आउने दामासाही अङ्क प्रदान गरिने छ। |

२०७१/६/२०

| | | |
|---|---|---|
| (च) कृषि तथा वन विज्ञानको क्षेत्रमा अनुसन्धानमूलक लेख प्रकाशन | ६ | कृषि तथा वन विज्ञानको क्षेत्रमा Ranked Journal मा अनुसन्धानमूलक लेख प्रकाशन गरे वापत अधिकतम तीन देखी छ ओटासम्म लेखको लागि<br>(१) Scimago Journal Ranking को Q-1 देखी Q-2 सम्ममा first author वा corresponding author भए प्रति लेख वापत दुई अङ्क र co-author भए दुई अङ्कमा लेखक संख्याले भाग गरी हुन आउने दामासाही अङ्क।<br>वा<br>(२) Scimago Journal Ranking को Q-3 देखी Q-4 सम्ममा वा Nepjol मा first author वा corresponding author भए प्रति लेख वापत एक अङ्क र co-author भए एक अङ्कमा लेखक संख्याले भाग गरी हुन आउने दामासाही अङ्क। |
| (छ) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) मूल्याङ्कन | १५ | (१) विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता-३<br>(२) विश्वविद्यालयको सम्पत्तिको आर्जन, उपयोग र आत्मनिर्भरता-३<br>(३) आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको सुदृढीकरण-३<br>(४) विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास-३<br>(५) विश्वविद्यालयलाई विश्व वरियता (World Ranking) मा एक हजारभित्र पर्न लिनु पर्ने कार्यनीति-३ |
| (छ) विश्वविद्यालयको चार बर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) मूल्याङ्कन | १० | (१) विश्वविद्यालयको विद्यमान अवस्था -२<br>(२) विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis- २<br>(३) विश्वविद्यालयको अन्य विश्वविद्यालयसँगको अन्तरसम्बन्धको विश्लेषण -२<br>(४) रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान-२<br>(५) विश्वविद्यालयको समग्र सुधार कार्ययोजना सहितको विवरण-२ |

| | | |
|---|---|---|
| (ज) प्रस्तुतीकरण | २० | अनुसूची ४ मा व्यवस्था भए बमोजिम हुनेछ र सो बमोजिम मूल्याङ्कन गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिदा कारण खुलाउनु पर्नेछ। बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |
| (झ) अन्तर्वार्ता | २० | अन्तर्वार्ता वापत मूल्याङ्कन गरी अङ्क प्रदान गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिदा कारण खुलाउनु पर्नेछ। बहुमत अन्तर्वार्ताकारले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |

अनुसूची-३

खण्ड (क)

(दफा ९ को उपदफा (७) सँग सम्बन्धित)

**विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कन ढाँचा**

कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८१।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

कोडः

विश्वविद्यालयसम्बन्धी सोचपत्र

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता | ३ | | |
| २. | विश्वविद्यालयको सम्पत्तिको आर्जन, उपयोग र आत्मनिर्भरता | ३ | | |
| ३. | आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको सुदृढीकरण | ३ | | |
| ४. | विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास | ३ | | |
| ५. | विश्वविद्यालयलाई वर्ड र्याङ्किङमा एक हजारभित्र पर्न लिनु पर्ने कार्यनीति- | ३ | | |
| | | १५ | प्राप्ताङ्क अङ्कमाः | |
| | | | प्राप्ताङ्क अक्षरमाः | |

विश्वविद्यालयसम्बन्धी सोचपत्रको प्राप्ताङ्क -

अङ्कमाः

अक्षरमाः

मूल्याङ्कनकर्ताको हस्ताक्षरः

नामः

मिति

अनुसूची-३

खण्ड (ख)

(दफा ९ को उपदफा (७) सँग सम्बन्धित)

**विश्वविद्यालयसम्बन्धी व्यावसायिक कार्ययोजना मूल्याङ्कन ढाँचा**

कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८१।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी व्यावसायिक कार्ययोजना मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

**कोडः**

विश्वविद्यालयसम्बन्धी व्यावसायिक कार्ययोजना

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | विश्वविद्यालयको विद्यमान अवस्था | २ | | |
| २. | विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis | २ | | |
| ३. | विश्वविद्यालयको अन्य विश्वविद्यालयसँगको अन्तरसम्बन्धको विश्लेषण | २ | | |
| ४. | रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान | २ | | |
| ५. | विश्वविद्यालयको समग्र सुधार कार्ययोजना सहितको विवरण | २ | | |
| | | १० | प्राप्ताङ्क अङ्कमाः | |
| | | | प्राप्ताङ्क अक्षरमाः | |

विश्वविद्यालयसम्बन्धी व्यावसायिक कार्ययोजनाको कुल प्राप्ताङ्क -

अङ्कमाः

अक्षरमाः

मूल्याङ्कनकर्ताको हस्ताक्षरः

नामः

मितिः

## अनुसूची-४
### (दफा १० को उपदफा (७) सँग सम्बन्धित)
### सोचपत्र र कार्ययोजनाको प्रस्तुतिकरणको मूल्याङ्कन ढाँचा

कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८१।--।-- गते प्रकाशित सूचना अनुसार यस शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय स्थित समितिको सचिवालयमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र र व्यावसायिक कार्ययोजना प्रस्तुतिकरण मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

**आवेदकको नामः**

| क्र. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली | ३ | | |
| २. | विश्वविद्यालय सम्बन्धी विषय वस्तुको पूर्णता | ४ | | |
| ३. | सोपपत्रको जानकारी र समावेश भएको विषयवस्तु | ४ | | |
| ४ | कार्ययोजना बारेको ज्ञान र कार्यान्वयन ढाँचामा स्पष्टता | ४ | | |
| ५. | तार्किक तथा विश्लेषणात्मक क्षमता | ४ | | |
| ६. | समय व्यवस्थापन | १ | | |
| कुल अंक | | २० | कुल प्राप्ताङ्क अङ्कमाः | |
| | | | कुल प्राप्ताङ्क अक्षरमाः | |

मूल्याङ्कनकर्ताको हस्ताक्षरः
नामः
पदः
मितिः

## अनुसूची-५
### (दफा १० को उपदफा (७) सँग सम्बन्धित)
### अन्तर्वार्ताको मूल्याङ्कन ढाँचा

कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८१।--।-- गते प्रकाशित सूचना अनुसार यस शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय स्थित समितिको सचिवालयमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी अन्तीम चरणको अन्तर्वार्ताको क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

**आवेदकको नामः**

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली | २ | | |
| २. | विषय बस्तुको ज्ञान | ६ | | |
| ३. | नेतृत्व क्षमता | ५ | | |
| ४ | समस्या र समाधान गर्ने सक्षमता | ३ | | |
| ३. | विश्लेषणात्मक क्षमता | ३ | | |
| ४. | समय व्यवस्थापन | १ | | |
| कुल अंक | | २० | कुल प्राप्ताङ्क अङ्कमाः | |
| | | | कुल प्राप्ताङ्क अक्षरमाः | |

अन्तर्वार्ताकारको हस्ताक्षरः
नामः
पदः
मितिः